# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७५/०७६
चलानी नं :- 3 ६33

मितिः २०७६।०१।०२

**विषयः नतिजा प्रकाशन सम्बन्धमा।**

आधारभूत शिक्षा परीक्षा (कक्षा-८) सञ्चालित सबै मा.वि. तथा आधारभूत विद्यालयहरु
टोखा नगरपालिका

मिति २०७५।१२।२९ गते बसेको आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार टोखा नगरपालिकामा सञ्चालन भएको शैक्षिक शत्र २०७५ को कक्षा-८ को अन्तिम परीक्षाको परीक्षाफल तपसिल बमोजिम प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

बाबुराम गौतम
शाखा प्रमुख

**तपशिलः-**

१. नतिजा हेर्न सम्बन्धित विद्यालयले वेबसाइट (यस शाखाबाट प्रदान गरिएको www.tokhamundoe.org) मा आफ्नो Username र Password प्रयोग गरी हेर्न सकिने छ र पहिलो पटक लगइन भएपछि विद्यालयले आफ्नो Password परिवर्तन गर्नुपर्ने छ। सम्बन्धित विद्यालयले आफुले प्राप्त गरेको परीक्षाफल तत्कालै सूचना पाटींमा टाँस गरी सबै विद्यार्थीहरुलाई जानकारी गराउनु पर्ने छ।
२. न्युनतम GPA प्राप्त नगरेको विद्यार्थीहरुको मूल पाँच विषयको अपग्रेड परीक्षा यहि वैशाख ६ गते भित्र ~~सञ्चालन हुनेछ~~ सम्बन्धित विद्यालयले प्रति विषय रु. २०० का दरले लाग्ने जम्मा दस्तुर सहित मनोहर स्रोत केन्द्रमा विद्यार्थीहरुको नाम नामेसी बुझाउनु पर्ने छ।
३. नतिजा प्रकाशन गर्दा परीक्षाको मर्यादा र शुद्धतालाई ध्यानमा राखी प्रकाशित गरिएको छ। यसमा भूलवश त्रुटि हुन गएमा शिक्षा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।
४. प्रवेश पत्रको हकमा यस अघि प्रदान गरिएको प्रवेश पत्र नै कायम गरिने छ।
५. विद्यालयहरुलाई ग्रेडसिट २०७६ वैशाख १५ गतेदेखि वितरण गरिने छ।
६. परीक्षा तलको तालिका अनुसार विहान ८:०० बजे देखि यस मनोहर स्रोत केन्द्रमा सञ्चालन हुने छ।

**ग्रेड वृद्धि परीक्षाको तालिका यस प्रकार छः-**

**क.** मिति २०७६।०१।८ गतेः अङ्ग्रेजी
**ख.** मिति २०७६।०१।९ गतेः- नेपाली
**ग.** मिति २०७६।०१।१० गतेः- गणित
**घ.** मिति २०७६।०१।११ गतेः- विज्ञान
ङ. मिति २०७६०१।१२ गतेः- सामाजिक

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com/Website: www.tokhamun.gov.np